लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्थामन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्ग**

# प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रस्ताव आव्हानको सूचना

**सुचना नं. ०८०/८१-२**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२५**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,दाङ्गको चालू आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लिन इच्छुक समूह/सहकारी/समिति/उद्यमी/निजी डेरी/कम्पनीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८०/१०/२५ गते) भित्र तोकिएको ढाँचामा तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना सम्बन्धित सवैको जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क.स. | बाली वस्तुको विवरण | उत्पादन प्रवर्द्धन दिने आधारहरू | प्रोत्साहन रकम रू. | प्रस्तावको किसिम | स्वीकृत वजेट रु. लाखमा |
|---|---|---|---|---|---|
| १. | दुध उत्पादन | • गत आ.व. २०७९/८० को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• संस्थागत रूपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• आवेदकले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तीमा ७००० लिटर वा निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | प्रति लिटर अधिकतम रु. २/- | समूह/सहकारी/समिति/उद्यमी/कम्पनी/डेरी/फर्म | १००.० |
| २. | माछा/मासु/अण्डा (बाखा/भेंडा/बगुंर/रागां/माछा) उत्पादन | • गत आ.व. को उत्पादन गरेको बाखा, भेडा, बगुंर, अण्डा, तथा माछाको कारोवारको अभिलेख पेश गर्नु पर्ने।<br>• आवेदकले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादक कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• खसी/बोका/भेंडाको हकमा **सहकारीबाट** १०० वा बंगुरको हकमा ४० वा राँगाको २० गोटाको कारोबार गरेको हुनुपर्ने वा निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा तराईमा २ मे.ट, प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडा रु. २५<br>जिउँदो रांगा/बगुंर रु. १५<br>माछाको रु. १५<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले। | समुह/सहकारी/निजी उद्यमी | |
| ३. | मत्स्य ह्याचरी वा नर्सरी | • न्यूनतम १ हेक्टर जलाशयमा नर्सरी तथा रेयरिङ्ग पोखरीको व्यवस्था हुनुपर्ने,<br>• ह्याचरी वा नर्सरीकर्ता आफैले मत्स्य बीज बेचविखनको प्रबन्ध गर्नुपर्ने,<br>• मत्स्य बीज कारोवारको बिल बीजक जारी गरी अभिलेख राख्नु पर्ने, स्वस्थ ,परिपक्व २ केजी भन्दा माथिको माउ प्रजननमा प्रयोग गर्नपर्ने. | • ह्याचलिङ्ग रु ३००/लाख<br>• फ्राइ रु २०००/लाख<br>• फिङ्गरलिङ्ग रु ५०००/लाख<br>• एडभान्स फिङ्गरलिङ्ग रु १००००/ लाख<br>• इएरलिङ्ग रु १ / गोटा | मत्स्य ह्याचरी तथा नर्सरी संचालन गरिहेरका निजी उद्यमी | |

कार्यालय प्रमुख

**आवेदनकालागी आवश्यक कागजातहरु**

१. प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रमको लागी अनुसूची -३६ बमोजिम निवेदन ।
२. आवेदकको नागरिकताको प्रतिलिपि।
३. कार्ययोजना अनुसूची ३८ बमोजिम।
४. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपी।
५. स्थायी लेखा नं. प्रमाण पत्र तथा गत आ.व.को कर चुक्ता र लेखा परिक्षण प्रतिवेदन। (गत आ.व. २०७९/८० को परिमाण दुधको हकमा लिटर, मासुको हकमा किलो ग्राम तथा संख्या, माछाको हकमा किलो ग्राम र अण्डा तथा मत्स्य विजको हकमा संख्या खुलेको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी )
६. सहकारीले आँफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण पेश गर्नुपर्ने।
७. समूह वा सहकारी वा निजी उद्यमीले उत्पादन रेकर्ड पारदर्शी रूपमा कृषकको नामावली सहित खरिद विक्री परिमाण खुलेको विवरण पेशगर्नु पर्ने।
८. जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन
९. कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।
१०. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
११. समूह/समिति/सहकारीको हकमा निर्णयको प्रतिलिपी ।
१२. सम्वन्धित अन्य रेकर्ड तथा विमाका कागजातहरु।
१३. रु. १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

यस सूचनामा आवश्यक बुदाहरु छुट हुन गएमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८०"** बमोजिम गरिने व्यहोरा अनुरोध छ । उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड dang.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीको लागी कार्यालयको फोन नं. ०८२-५६०००२१ वा सुचना अधिकारी कृष्ण न्यौपाने (९८५७८२६६८५) लाई सम्पर्क गर्नहुन अनुरोध छ ।

डा. प्रतिमा विष्ट
नि. कार्यालय प्रमुख

नि. कार्यालय प्रमुख